बैठक मितिः २०८३/१/१०

बैठक संख्याः २२

<u>छलफल तथा निर्णयहरुः</u>

१. अर्थ मन्त्रालयको च.नं. ४२६३, मिति २०८२/१२/२० को पत्रसाथ तेश्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७) कार्यान्वयन कार्ययोजनाको मस्यौदामा राय परामर्शका लागि लेखी आएकोमा उक्त मस्यौदामा आयोगको बैठकमा छलफल हुँदा उठेका विषयवस्तु समेटी आयोगको राय सुझाव पठाउने।

२. मध्यमकालीन खर्च संरचना (२०८३/८४-८०८५/८६) को मस्यौदा प्रतिवेदन बैठकमा प्रस्तुत भई जानकारी भयो। सो मस्यौदाको प्रतिवेदन माथि छलफलका क्रममा उठेका विषयहरुलाई समेत समेटी संशोधन सहित स्वीकृत गर्ने।

३. आ.व. २०८३/८४ को बजेट तर्जुमा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत छलफल सम्बन्धी प्रतिवेदन बैठकमा प्रस्तुत भई जानकारी भयो। सो प्रतिवेदन माथि छलफलका क्रममा उठेका विषयहरुलाई समेत समेटी संशोधन सहित स्वीकृत गर्ने।

४. राष्ट्रिय आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा १९ बमोजिम सिफारिस समितिबाट आयोजना छनौटको लागि पेश भएका एक अर्ब र सोभन्दा बढि लागतका उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गतका १५ वटा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतका ७ वटा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतका १ वटा र रक्षा मन्त्रालय अन्तर्गका १ वटा गरी कुल २४ वटा आयोजनाको विवरण बैठकमा प्रस्तुत भई जानकारी भयो। सिफारिस समितिबाट सिफारिस भएका एक अर्ब भन्दा बढी लागतका २४ (चौविस) आयोजनाहरू राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (NPBMIS) मा प्रविष्टि गर्ने प्रयोजनको लागि मापदण्डको दफा १७ को उपदफा (५) बमोजिम छनौट गर्ने र प्रणालीमा प्रमाणित गर्नका लागि आयोजना बैंक सचिवालयलाई निर्देशन दिने।

५. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को संशोधन सम्बन्धमा पूर्वाधार विकास महाशाखा र सामाजिक विकास महाशाखाबाट पेश भए बमोजिम आवश्यक कारवाहीको लागि अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने।

६. राष्ट्रिय गौरवका आयोजना छनौट मापदण्ड पुनरावलोकन गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोगको मिति २०८२।१२।०९ को (सचिवस्तरीय) निर्णयानुसार गठित अध्ययन समितिले अध्ययन गरी पेश गरेको मापदण्ड पुनरावलोकन मस्यौदा प्रतिवेदन बैठकमा प्रस्तुत भई जानकारी भयो। उक्त मस्यौदालाई सरोकारवाला मन्त्रालयको रायका लागि पठाउने र राय प्राप्त भए पश्चात आयोगमा पेश गर्ने।

२०८३।१।१०